# कोन्ज्योसोम गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चौघरे, ललितपुर ।

प.स. २०७९/०८०
च.नं.

बागमती प्रदेश, नेपाल।

---

## विषय :- गाडी भाडामा लिने सम्बन्धि सूचना ।

(प्रथम पटक प्रकाशित मितिः-२०७९/०४/१५)

प्रस्तुत विषयमा यस कोन्ज्योसोम गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय कोन्ज्योसोम ललितपुरलाई कार्यालय प्रयोजन, अनुगमन तथा सुपरिवेक्षण कार्यका लागि चालु.आ.व. २०७९/०८० असार मसान्त सम्मका लागि गाउँपालिका को कार्यालयले खटाएको स्थानमा संचालन हुन सक्ने चार पांग्रे सवारी साधन न्युनतम चालक सहित ९(नौ) सिट क्षमता भएको (जीप) थान १(एक) कार्यालय प्रयोजनको लागि र अनुगमन तथा सुपरिवेक्षण कार्यका लागि चालक सहित न्यूनतम ७(सात) सिट क्षमता भएको कार्यालयले खटाएको जुनसुकै स्थानमा सञ्चालन हुन सक्ने चार पाँग्रे सवारी साधन (जीप) थान १(एक) भाडामा लिनुपर्ने भएकाले यो सूचना प्रकाशित भएको मितिले १५ दिनको कार्यालय समय भित्रमा छुट्टा-छुट्टै यस कार्यालयको राजश्व शाखा वा सानीमा बैंकमा रहेको आन्तरिक राजश्व खाता नं. ०६६१००४००००१३ मा दस्तुर रु. १,०००।- तिरेको रसिद सहित तपसिल बमोजिमको शर्त र अधिनमा रही गोप्य सिलबन्दी प्रस्ताव खरिद गरी बुझाउन हुन सम्बन्धित सबैको जानकारीको लागि मिति २०७९/४/८ को कार्यपालिका बैठकको निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :-

| अनुगमन तथा सुपरिवेक्षण प्रयोजनको लागि जुनसुकै समयमा प्रयोग गरिने गाडीको हकमा (गाडी संख्या १) | कार्यालय प्रयोजनको लागि कार्यालय समयमा मात्र प्रयोग गरिने गाडीको हकमा (गाडी संख्या १) |
|---|---|
| क) गाडीको ब्लु बुक चालु आ.व.को नवीकरण सहितको प्रतिलिपि । | क) गाडीको ब्लु बुक चालु आ.व.को नवीकरण सहितको प्रतिलिपि । |
| ख) गाडी धनीको नागरिकताको प्रतिलिपि । | ख) गाडी धनीको नागरिकताको प्रतिलिपि । |
| ग) सवारी विमा सम्बन्धि कागजातको प्रतिलिपि । | ग) सवारी विमा सम्बन्धि कागजातको प्रतिलिपि । |
| घ) सवारी धनीले 4 wheeler नीजि नम्बर प्लेटको सवारी साधन उपलब्ध गराउनु पर्नेछ र मर्मत खर्च आफैले व्यहोर्नु पर्ने । | घ) सवारी धनीले चालक, मर्मत, ईन्धन सहित निजी नम्बर प्लेटको सवारी साधन उपलब्ध गराउनु पर्नेछ । |
| ङ) गाडी भाडा, इन्धन र सवारी चालक बाहेक (कर सहित) प्रति महिना के कतिमा दिन चाहेको हो स्पष्ट अक्षर र अंकमा खुलाउनु पर्नेछ । | ङ) गाडी भाडा अवधि भर चालकको तलव भत्ताका साथै सवारी चालकको खाना र बासको व्यबस्था सवारी धनीले आफै गर्नुपर्ने छ । |
| च) सवारी साधन संचालनको लागि लाग्ने इन्धन र सवारी चालक कार्यालयले नै उपलब्ध गराउने छ । | च) गाडी भाडा, इन्धन, सवारी चालक, मर्मत समेत प्रति महिना के कतिमा दिन चाहेको हो स्पष्ट अक्षर र अंकमा खुलाउनु पर्नेछ । |
| छ) प्रति लिटर सवारी साधन कति कि.मि गुड्ने हो स्पष्ट खुलाउनु पर्नेछ । | छ) प्रति लिटर सवारी साधन कति कि.मि गुड्ने हो स्पष्ट खुलाउनु पर्नेछ । |
| ज) सवारी साधनको मर्मत सम्भार र सर्भिसिंग सवारी धनि आफैले गर्नुपर्ने छ । | ज) सवारी साधनको मर्मत सम्भार र सर्भिसिंग सवारी धनि आफैले गर्नुपर्ने छ । |
| झ) सवारी साधन बिग्रेको खण्डमा वैकल्पिक सवारी साधनको व्यवस्था सवारी धनी आफैले गर्नुपर्नेछ । | झ) सवारी साधन बिग्रेको खण्डमा वैकल्पिक सवारी साधनको व्यवस्था सवारी धनी आफैले गर्नुपर्नेछ । |

- दरखास्त बुझाउने अन्तिम मिति :- २०७९/०४/२९ को कार्यालय समय भित्र दरखास्त खरिद गरी बुझाई सक्नु पर्नेछ ।
- गोप्य सिलबन्दी दरभाउ-पत्र १६ औं दिनको ठीक १:०० बजे गाउँ कार्यपालिकाको कार्यालयमा कर्मचारी र प्रतिनिधीको रोहबरमा खोलिनेछ।
- अन्य कुराको हकमा, गाउँकार्यपालिकाको कार्यालयले निर्णय गरे बमोजिम हुनेछ ।

टेक बहादुर बुढथापा
प्रमुख प्रशासकीय अधिकृत

---